नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा
(प्रशासन शाखा)

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/daopalpa

च. नं :
पत्र संख्या : ०७९/०८०

मिति : २०७९।८।९

## बधाई, कृतज्ञता तथा धन्यवाद ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा यस पाल्पा जिल्लाबाट निर्बाचित माननीयज्यू हरुलाई हार्दिक बधाई छ । निर्वाचन प्रकृयाका शुरु देखि सम्पन्न हुदा संमका हरेक चरणमा जिल्लाका राजनीतिक दलका नेतृत्व र उम्मेदवारहरुले निर्वाह गर्नु भएको पारस्परिक सम्मान र हार्दिकताले निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न योगदान पुगेकाले उहाहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । निर्वाचन आयोग, केन्द्रिय सुरक्षा समन्वय समिति र प्रदेश सुरक्षा समन्वय समितिका मार्ग दर्शनले थप उर्जा प्राप्त भएको छ ।

निर्वाचनमा निर्भयपूर्वक सहभागिताकालागि आम मतदाताहरु, मतदान स्थलमा खटिई कुशलतापूर्वक जिम्मेवारी पुरा गर्नु हुने मतदान अधिकृत, सुरक्षाकर्मी सहितका संपूर्ण राष्ट्रसेवक कर्मचारीहरु, मतगणनामा दिनरात खटिनु हुने सवै कर्मचारीहरुलाई विशेष धन्यवाद छ । सञ्चारकर्मीज्यूहरुका हरेक पहल स्मरणीय रहेका छन् वहाहरुलाई पनि धन्यवाद छ ।

मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालय स्थापनामा भवन उपलब्धता र मतगणना स्थलमा आवस्यक प्रवन्धकीय सहयोगका लागि तानसेन नगरपालिका र रामपुर नगरपालिकाप्रति कृतज्ञता व्यक्त गर्दछु । साथै मतगणना स्थल उपलब्धताका लागि बालमन्दिर परिवार तानसेन र नापी कार्यालय रामपुरलाई धन्यवाद दिन चाहान्छु ।

निर्वाचन क्षेत्रगत रुपमा टोली प्रमुख भै प्रत्यायोजित अधिकार र जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्नु हुने सहायक प्रमुख जिल्ला अधिकारी, डिभिजनल वन अधिकृत, तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य कार्यालयका प्रमुखलाई धन्यवाद छ । निर्वाचन सम्पन्न गर्न नेतृत्वदायी भूमिका कुशलतापूर्वक सम्पादनका लागि मुख्य निर्वाचन अधिकृतज्यू, सहायक निर्वाचन अधिकृतज्यूलाई बधाई व्यक्त गर्दछु । समग्र सहयोगका लागि सवै स्थानीयतह र जिल्ला निर्वाचन कार्यालय एवम मतपेटिका ढुवानीमा यातायात साधन उपलब्ध गराउनु हुने यातायात व्यवसायीलाई पनि धन्यवाद छ ।

निर्वाचनलाई स्वच्छ, निश्पक्ष, भयरहित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सबै भन्दा महत्वपूर्ण पक्ष भरपर्दो सुरक्षा व्यवस्थापन र प्रभावकारी सुरक्षा प्रवन्धका लागि नेपाली सेना, दि फेमस महिन्द्रदलका गणपती, जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी उपरीक्षक, उप अनुसन्धान निर्देशक र सशस्त्र प्रहरी बल नेपाल, ३५ नं. गुल्मका सशस्त्र प्रहरी नायव उपरीक्षकको समन्वयकारी भूमिकाको मुक्तकण्ठले उच्च प्रसंशा गर्दछु ।

२०७९।८।८

जगन्नाथ पन्त
(प्रमुख जिल्ला अधिकारी)